प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : २०७६/७७
चलानी नं. : ११८९

मिति:- २०७६।१२।२४

विषयः खर्च रोक्का सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको लागि सार्वजनिक गतिविधि र आवागमनलाई नियन्त्रण गर्न विभिन्न उपायहरु अवलम्वन गरिएको व्यहोरा विदितै छ। यसवाट आर्थिक गतिविधि प्रभावित भएकोले राजश्व संकलन र सो को बाँडफाँड तथा अनुदान प्राप्तिमा समेत असर परेको सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७६।१२।१९ को निर्णय अनुसार विभिन्न शीर्षकहरुमा संघीय सरकारले बजेट रोक्का समेत गरिसकेको छ। कोरोना भाइरसको फैलिदो संक्रमणबाट प्रदेशको आथिक गतिविधि र राजश्व संकलनमा समेत संकुचन आईरहेको छ। अतः विद्यमान अवस्थालाई मध्यनजर राखी प्रदेश विनियोजन ऐन, २०७६ बमोजिम चालु आर्थिक बर्षको बजेटमा समावेश गरिएका कतिपय कार्यक्रम हाललाई स्थगित गरी विभिन्न निकायहरुमा विनियोजित बजेटलाई आवश्यकता अनुसार कोरोना भाइरस रोकथाम, नियन्त्रण लगायतका प्राथमिकता प्राप्त अन्य क्षेत्रहरुमा समेत उपयोग गरी स्रोत व्यवस्थापन गर्नु पर्ने भएको छ।

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(१) मा रहेको व्यवस्था बमोजिम तहाँ कार्यालय/निकायको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेट मध्ये २०७६ चैत्र २३ गते सम्म दायित्व सृजना भैसकेको र बोलपत्र आव्हान भैसकेको बाहेक बाँकी रहेको बजेट माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तरको मिति २०७६।१२।२४ को निर्णयानुसार तत्काल लागू हुने गरी रोक्का गरिएको हुँदा सो बमोजिम गर्ने व्यवस्थाको लागि अनुरोध गर्दछु।

हाल रोक्का गरिएका शीर्षकहरुमा बजेट खर्च गर्नु पर्ने आवश्यकता परेमा सोको औचित्य र पुष्ट्याई सहित यस मन्त्रालयको स्वीकृति लिएर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

मधु कुमार मरासिनी
सचिव

| खर्च शीर्षक | विवरण |
|---|---|
| २२४११ | सेवा र परामर्श खर्च (पूर्वाधार विकास वाहेक) |
| २२५११ | कर्मचारी तालिम खर्च |

| खर्च शीर्षक | विवरण |
|---|---|
| ३११२१ | सवारी साधन (स्वास्थ्य सेवा वाहेक) |
| ३११२२ | मेशिनरी तथा औजार (स्वास्थ्य सेवा |

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

०७१-५४००२९

०७१-५५०००३

०७१-५५००६३

पत्र संख्या : २०७६/७७

चलानी नं. :

| | |
|---|---|
| | |
| २२५२२ | कार्यक्रम खर्च |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च |
| २२५२९ | विविध कार्यक्रम खर्च |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च (अति आवश्यक बाहेकको) |
| २८९११ | भैपरी आउने चालु खर्च |

| | |
|---|---|
| | वाहेक) |
| ३११२३ | फर्निचर तथा फिक्चर्स (स्वास्थ्य सेवा वाहेक) |
| ३११३२ | कप्यूटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च (अति आवश्यक बाहेकको) |
| ३११७२ | पूँजिगत अनुसन्धान तथा परामर्श |
| ३१४११ | जग्गा प्राप्ति खर्च |
| ३१५११ | भैपरी आउने पूँजिगत खर्च |

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
प्रदेश नं.-५, बुटवल ।

बोधार्थ तथा कार्यार्थः

श्री प्रदेश लेखा नियन्त्रक कार्यालयः २०७६ साल चैत्र २३ गते सम्म दायित्व सृजना भैसकेको र बोलपत्र आवह्रान भैसकेको तथा उपरोक्त तालिकाको विवरण खण्डमा उल्लेख गरिएको वाहेक उल्लिखित खर्च शीर्षकमा विनियोजित बजेट रोक्का गरिएको हुँदा निकासा नदिने व्यवस्थाको लागि अनुरोध छ।